**राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावना** : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २ मा संशोधन** : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "राजस्व" भन्नाले देहायका कर तथा गैरकर सम्झनु पर्छ :-

(१) प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर वा अन्य कुनै कर,

(२) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई तिर्नु वा बुझाउनु पर्ने कर,

(३) प्रचलित कानून बमोजिम स्थानीय तहलाई तिर्नु वा बुझाउनु पर्ने कर,

(४) प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई तिर्नु वा बुझाउनु पर्ने गैर कर ।"

(२) खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छ :-

"(क१) "गैरकर" भन्नाले प्रचलित कानून बमोजिम लाग्ने दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश सम्झनु पर्छ र सो शव्दले, जरिबाना, साँवा र सोमा लाग्ने ब्याज रकमलाई समेत जनाउँछ ।"

(३) खण्ड (ख१) मा रहेका "वा त्यस्तै अन्य" भन्ने शब्दहरु पछि "प्रकृतिका" भन्ने शब्द थपिएको छ ।

(४) खण्ड (ङ१) झिकिएको छ ।

(५) खण्ड (छ१) को सट्टा देहायको खण्ड (छ१) राखिएको छ :-

"(छ१) "बिगो" भन्नाले देहाय बमोजिमका रकम सम्झनु पर्छ :-

(क) प्रचलित आयकरसँग सम्बन्धित कानून बमोजिम लाग्ने आयकर, शुल्क, ब्याज, जरिबाना, अग्रिम करकट्टी रकम, किस्ता कर रकम,

(ख) प्रचलित मूल्य अभिवृद्धि करसँग सम्बन्धित कानून बमोजिम लाग्ने मूल्य अभिवृद्धि कर रकम, थप दस्तुर, ब्याज, जरिबाना रकम,

(ग) प्रचलित अन्तःशुल्कसँग सम्बन्धित कानून बमोजिम लाग्ने अन्तःशुल्क, दस्तुर, बिलम्व शुल्क, ब्याज, जरिबाना रकम,

(घ) प्रचलित घर बहालसँग सम्बन्धित कानून बमोजिम लाग्ने घरजग्गा बहाल कर, शुल्क, ब्याज, जरिबाना रकम,

(ङ) भन्सारको हकमा भन्सार चोरी निकासी पैठारी भएको वा हुन लागेको मालबस्तु वा सेवाको थोक बजारमूल्य, मालबस्तु वा सेवा फेला नपरी कागजात मात्र फेला परेकोमा त्यस्तो मालबस्तु वा सेवा निकासी पैठारी गर्दा भन्सार बिन्दुमा भन्सार प्रयोजनको लागी कायम हुने मूल्य र सोमा लाग्ने महसुल समेतलाई जोडी हुन आउने मूल्य वा कारोबार मूल्य न्यून घोषणा भएकोमा न्यून घोषित फरक मूल्य र सोमा लाग्ने महसुल,

(च) प्रचलित संघीय कानून, प्रदेश कानून तथा स्थानीय तहको कानून बमोजिम लाग्ने अन्य कर तथा गैरकर, ब्याज, जरिवाना समेतका रकम ।"

(६) खण्ड (छ२) मा रहेका "यात्रुवाहक सवारी साधन बाहेकका" भन्ने शब्दहरुको सट्टा "यान्त्रिक शक्तिबाट चल्ने यात्रुवाहक साधन," भन्ने शब्दहरु राखिएका छन् ।

(७) खण्ड (छ३) को सट्टा देहायको खण्ड (छ३) राखिएको छ :-

"(छ३) "कम्प्यूटर सूचना प्रणाली" भन्नाले विभागले कार्यान्वयनमा ल्याउने कम्प्यूटर सूचना प्रणाली सम्झनु पर्छ र सो शब्दले वेबमा आधारित अनलाईन प्रणालीलाई समेत जनाउँछ।"

३. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **राजस्व चुहावट गरेको मानिने** : कुनै पनि व्यक्तिले देहायको कुनै कार्य गरेमा राजस्व चुहावटको कसूर गरेको मानिनेछ :-

(क) कम राजस्व तिर्ने वा राजस्व नतिर्ने उद्देश्यले गलत वा झुट्टा लेखा, विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानून

बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएमा वा तिर्नु वा बुझाउनु पर्ने राजस्व भन्दा घटी राजस्व तिरेमा वा बुझाएमा,

(ख) कुनै पनि मालबस्तु वा सेवाको निकासी पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा,

(ग) कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको नामबाट कुनै उद्योग, व्यापार वा व्यवसाय गरी कुनै वस्तु वा सेवा निकासी वा पैठारी गरेमा वा कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा,

(घ) राजस्व तिर्नु, बुझाउनु वा दाखिला गर्नु पर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनधिकार बाधा उत्पन्न गरेमा वा त्यस्तो कार्यालय वा कर्मचारीलाई अनुचित प्रभावमा पारी आफूले तिर्नु बुझाउनु पर्ने राजस्व नतिरेमा वा जति तिर्नु पर्ने हो सो भन्दा कम रकम तिरेमा वा त्यस्तो कुनै कार्य गर्ने गराउने प्रयत्न गरेमा,

(ङ) राजस्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसँग मिलोमतो गरी वा नगरी कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा वा राजस्व बुझाएको देखिने गलत वा झुट्टा लिखत तथा कागजात तयार गरेमा वा पेश गरेमा,

(च) राजस्व बुझाउने प्रयोजनको लागी घोषणा गरिनु पर्ने वा देखाउनु पर्ने कुनै आय, घर जग्गा वा अन्य सम्पत्ति वा सामानको वास्तविक मूल्य भन्दा घटी वा बढी हुने गरी हिसाब वा कागजात तयार गरी पेश गरेमा,

(छ) कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा, पैठारीकर्ता वा भन्सार एजेण्टले एउटा मालबस्तुलाई अर्कै मालबस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालबस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालबस्तु भनी वा मालबस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, गुणस्तर र मूल्य फरक पारी घोषणा गरेमा वा कुनै मालबस्तु घोषणा नै नगरेमा,

(ज) कुनै व्यक्तिले आय लुकाई निजको आय भन्दा खर्च र सम्पत्ति बढी भएको देखिएमा,

(झ) प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले कुनै काम गरेमा,

(ञ) खण्ड (क) देखि (झ) सम्म उल्लिखित कुनै कामकारबाही गर्न गलत वा झुट्टा परामर्श दिएमा।"

४. **मूल ऐनको दफा ७क. मा संशोधन** : मूल ऐनको दफा ७क. को उपदफा (१) को सट्टा देहायको दफा उपदफा (१) राखिएको छ :-

"(१) कसैले राजस्व चुहावट गरेको मानिने कुनै कार्य गरेको छ भन्ने विश्वास लाग्ने मनासिब कारण भएमा महानिर्देशक वा निजले खटाएको कुनै कर्मचारीले आकस्मिक रुपमा जुनसुकै व्यक्ति, यात्रु वा ढुवानीका साधनलाई नियन्त्रणमा लिई खानतलासी लिन, कुनै घर, पसल, गोदाम लगायतका स्थानमा प्रवेश गर्न, यातायातका साधनलाई रोकी आवश्यक कागजात माग गर्न वा तलासी लिन वा कुनै भवन, गोदाम, पसल, कारोबारस्थल, जग्गा र स्थान विशेषमा उपस्थित भई खानतलासी लिन, सिलबन्दी गर्न वा कुनै मालबस्तु वा कागजात नियन्त्रणमा लिन सक्नेछ ।"

५. **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को उपदफा (१) मा रहेका "प्रमाण सङ्कलन गर्ने" भन्ने शब्दहरुको सट्टा "प्रमाण सङ्कलन गर्न" भन्ने शब्दहरु राखिएका छन् ।

६. **मूल ऐनको दफा ९ मा संशोधन** : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) राजस्व चुहावटको कसूरको आरोपमा अनुसन्धान तथा तहकिकात भईरहेको कुनै राष्ट्रसेवक कर्मचारी पदमा रही रहँदा आफ्नो विरुद्धको प्रमाण लोप वा नष्ट गर्न सक्ने वा अनुसन्धान तथा तहकिकातमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण विद्यमान भएमा विभागले त्यस्ता कर्मचारीलाई आधार र कारण खुलाई निलम्बन गर्नको लागी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अधिकार प्राप्त अधिकारी समक्ष लेखी पठाउन सक्नेछ । यसरी लेखी आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो कर्मचारीलाई निलम्बन गर्नु पर्नेछ ।"

(२) उपदफा (५) को ठाउँ ठाउँमा रहेका "अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (९) मा रहेका "निर्धारित म्यादभित्र" भन्ने शब्दहरुको सट्टा "विभागले निर्धारण गरेको समयभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (११) मा रहेका "प्रधानमन्त्रीको कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई" भन्ने शब्दहरु राखिएका छन् ।

७. **<u>मूल ऐनमा दफा ११क. मा संशोधन</u>** : मूल ऐनको दफा ११क. को उपदफा (१) मा रहेका "अनुसन्धान अधिकृतले" भन्ने शब्दहरु पछि "यस ऐन बमोजिम" भन्ने शब्दहरु थपिएका छन् ।

८. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३ मा रहेका “पैंतालीस दिनसम्म" भन्ने शब्दहरुको सट्टा “नब्बे दिनसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

९. **<u>मूल ऐनको दफा १३क. मा संशोधन</u>** : मूल ऐनको दफा १३क. को सट्टा देहायको दफा १३क. राखिएको छ :-

"१३क. **<u>सम्बन्धित निकायलाई लेखी पठाउन सक्ने</u>** : (१) अनुसन्धान अधिकृतले राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नु पर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल, अन्य कर वा गैरकर थप निर्धारण गरी असुल गर्नु पर्ने वा थप राजस्व असुल गर्नु पर्ने देखिएमा र त्यस्तो कार्य भुल वा त्रुटीको कारण भएको भए सो कुरा उल्लेख गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विभागले पचास लाख रुपैयाँसम्मको राजस्व चुहावटको कसूरमा त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न वा त्यस्तो राजस्व निर्धारणमा भएको गल्ती वा त्रुटि सच्याउन सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ ।

(३) अनुसन्धान तथा तहकिकात गर्दा राजस्व सङ्कलन गर्ने निकायले राजस्व सङ्कलनको लागि अपनाएका प्रक्रिया र कार्य प्रणालीमा त्रुटि देखिएमा त्यस्ता त्रुटि हुन नदिन वा त्यस्ता त्रुटि सच्याउन विभागले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्बन्धित संस्था वा निकायलाई लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा त्यस्तो संस्था वा निकायले यथासिघ्र उक्त त्रुटि सच्याई सोको जानकारी विभागलाई दिनु पर्नेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पचास लाख रुपैयाँ भन्दा बढीको राजस्व चुहावट भएकोमा यस ऐन बमोजिम मुद्दा दायर गर्नु पर्नेछ ।"

१०. **<u>मूल ऐनको दफा १३ग. मा संशोधन</u>** : मूल ऐनको दफा १३ग. को,-

(१) उपदफा (१) मा रहेका "एक जिल्लाबाट अर्को जिल्ला" भन्ने शब्दहरुको सट्टा "एक जिल्लाबाट अर्को जिल्ला वा एक स्थानबाट अर्को स्थानमा व्यावसायिक प्रयोजनका लागी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (४) पछि देहायका उपदफा (४क) थपिएको छ :-

"(४क) उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानीका साधनको धनी वा त्यसको प्रयोगकर्तालाई महानिर्देशकले प्रथम पटकको लागी पचास हजार रुपैयाँ र त्यसपछि पटकैपिच्छे एक लाख रुपैयाँ जरिबाना गर्न सक्नेछ ।"

**११.** **<u>मूल ऐनको दफा १८ मा संशोधन</u>** : मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"**१८.** **<u>मुद्दा हेर्ने अधिकारीः</u>** (१) यस ऐन अन्तरगतको राजश्व चुहावट कसूर सम्वन्धी मुद्दाको शुरु कारवाही र किनारा सम्वन्धित उच्च अदालतबाट हुने छ।

(२) यो दफा प्रारम्भ हुदाका बखत सम्वन्धित जिल्ला अदालतमा विचाराधीन मुद्दा, प्रतिवेदन, निवेदन र सो संग सम्वन्धित मिसिलहरु सम्वन्धित उच्च अदालतमा सर्नेछन् ।"

**१२.** **<u>मूल ऐनको दफा २० मा संशोधन</u>** : मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छ :-

"**२०.** **<u>मुद्दा दायर सम्बन्धी व्यवस्था</u>** : (१) यस ऐन बमोजिमको कसूरको अनुसन्धान तथा तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर गर्नु पर्ने देखिएमा अनुसन्धान अधिकृतले आफ्नो राय सहित अनुसन्धानसँग सम्बन्धित सबुद र प्रमाण संलग्न मिसिल मुद्दा चल्ने वा नचल्ने निर्णयको लागी सम्बन्धित सरकारी वकील कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मिसिल प्राप्त भएकोमा सम्बन्धित सरकारी वकील कार्यालयले उक्त विषयमा मुद्दा नचल्ने भए सोही व्यहोरा उल्लेख गरी र मुद्दा चलाउनु पर्ने भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दाबी, दफा २३क. बमोजिम छुट दिनु पर्ने भए सो समेत उल्लेख गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलको कार्यालयले प्राप्त मिसिल अध्ययन गर्दा सो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकीन गरी सोको

आधार र कारण सहित अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदाबी सहितको मिसिल पुनः सरकारी वकीलको कार्यलयमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम मिसिल प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(६) उपदफा (२) वा (५) बमोजिम सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भइ मिसिल प्राप्त भए पछि अनुसन्धान अधिकृतले तीस दिन भित्र नेपाल सरकारको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(७) यस ऐन बमोजिम मुद्दा दायर गर्दा बरामद भएको मालबस्तु वा दशीको नमूना (स्याम्पल) मात्र पेश गर्नु पर्नेछ ।

तर कृषि उपज, सडिगली जाने मालबस्तु वा लिलाम भईसकेको मालबस्तुको नमूना (स्याम्पल) पेश गर्नु पर्ने छैन ।"

१३. **<u>मूल ऐनमा दफा २०क. थप</u>** : मूल ऐनको दफा २० पछि देहायको दफा २०क. थपिएको छ :-

"२०क. **<u>स्वतः निलम्बन हुने</u>** : यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकातको क्रममा कुनै राष्ट्रसेवक कर्मचारीलाई थुनामा राखिएकोमा त्यसरी थुनामा रहेको अवधिभर र निज उपर दफा २० बमोजिम मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक कर्मचारी सो मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहनेछ ।"

१४. **<u>मूल ऐनको दफा २१ मा संशोधन</u>** : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-

"२१. **<u>पुनरावेदन</u>** : (१) यस ऐन बमोजिम मुद्दा हेर्ने अधिकारीबाट भएको निर्णय वा आदेशमा चित्त नबुझ्ने वा मर्का पर्ने पक्षले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम विभाग वा महानिर्देशकबाट भएको निर्णय वा आदेशमा चित्त नबुझ्ने वा मर्का पर्ने पक्षले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्वन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"

१५. **<u>मूल ऐनको दफा २३ मा संशोधन</u>** : मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ :-

"२३. **<u>दण्ड सजाय</u>** : (१) राजस्व चुहावटको कसूर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शत प्रतिशतदेखि दोब्बरसम्म जरिबाना तथा कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद हुनेछ :-

(क) पचास लाख रुपैयाँसम्मको बिगोमा छ महिनासम्म कैद,

(ख) पचास लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्मको बिगोमा छ महिना देखि एक बर्षसम्म कैद,

(ग) एक करोड रुपैयाँदेखि तीन करोड रुपैयाँसम्मको बिगोमा एक बर्ष देखि तीन बर्ष सम्म कैद,

(घ) तीन करोड रुपैयाँदेखि माथि जतिसुकै बिगो भएपनि तीन बर्ष देखि पाँच बर्षसम्म कैद ।

(२) उपदफा (१) को प्रयोजनको लागी बिगो कायम गर्नु पर्ने वस्तु तथा सेवा बिक्री भईसकेको वा फेला नपरेको अवस्थामा त्यस्तो वस्तु तथा सेवाको बिगो बराबरको रकम असुल गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बदनियतपूर्वक नभई भूलवस वा अन्य कुनै कारणबाट गल्ती वा त्रुटि भई पचास लाख रुपैयाँ भन्दा बढीको राजस्व चुहावट हुन गएको अवस्थामा कसुरदारलाई पचास प्रतिशतसम्म कम कैद र विगो असुल गरी विगो बमोजिमको जरिवाना हुनेछ ।

(४) यस ऐनमा उल्लेख भए बमोजिमको राजस्व चुहावटको कसूरको मतियारलाई मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुनेछ ।

(५) उपदफा (१) वा (३) बमोजिम बुझाउनु पर्ने राजस्व रकममा राजस्व सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिमको व्याज समेत लाग्नेछ ।

(६) कुनै फर्म, कम्पनी वा सङ्गठित संस्था वा निकायले यस ऐन बमोजिम कसूर मानिने कुनै काम गरेमा त्यस्तो फर्म वा निकायको हकमा त्यस्तो काम गर्दाको बखत संलग्न हिस्सेदारहरू र कम्पनी वा सङ्गठित संस्थाको हकमा कम्पनी वा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकारीले त्यस्तो कसूर गरेको मानिनेछ ।

तर मुख्य भई कामकाज गर्ने अधिकारी नियुक्ति हुनु भन्दा अगाडि नै त्यस्तो काम भए गरेको प्रमाणित भएमा जसले त्यस्तो काम गरेको हो सोही व्यक्तिले कसूर गरेको मानिनेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागी "मुख्य भई कामकाज गर्ने अधिकारी" भन्नाले कम्पनी वा सङ्गठित संस्थाको अध्यक्ष, सञ्चालक समितिका सदस्य, महाप्रबन्धक वा सोही हैसियतमा कामकाज गर्ने पदाधिकारी सम्झनु पर्छ ।"

१६. **मूल ऐनमा दफा २३क. थप** : मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छ :-

"२३क. **सजायको मागदाबीमा छुट हुन सक्ने** : यस ऐन बमोजिमको अनुसन्धानको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकृतले आफ्नो साक्षीको रुपमा प्रस्तुत गरी प्रचलित कानून बमोजिम निजलाई सजायको मागदाबीमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

तर निजले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर यस ऐन बमोजिमको मागदाबी लिई पुनः मुद्दा दायर गर्न बाधा पर्ने छैन ।"

१७. **मूल ऐनको दफा २४ मा संशोधन** : मूल ऐनको दफा २४ को उपदफा (१) मा रहेका "दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

१८. **मूल ऐनमा दफा २५क. थप** : मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थपिएको छ :-

"२५क. **प्रदेश वा स्थानीय तहको राजश्व चुहावट सम्बन्धी व्यवस्था** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहको राजश्व चुहावटको कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धित प्रदेश कानून बमोजिम तोकिएको निकाय वा अधिकारीले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान तथा तहकिकातबाट मुद्दा दायर गर्नु पर्ने देखिएमा दफा २० बमोजिमको प्रक्रिया अवलम्बन गरी यस ऐन बमोजिम मुद्दा दायर गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्बन्धित प्रदेशमा राजश्व चुहावट सम्बन्धी अनुसन्धान गर्ने निकायको गठन नभएसम्म विभागले यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकात गर्नेछ ।

(४) प्रदेश वा स्थानीय तहको राजश्व चुहावट भएको कसूर ठहर भएमा दफा २३ बमोजिमको सजाय हुनेछ।"

**१९.** **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>** : मूल ऐनको दफा २७ को उपदफा (२) मा रहेका "विद्युतीय अभिलेख" भन्ने शब्दहरु पछि "वास्तविक समय (रियल टाईम) मा" भन्ने शब्दहरु थपिएका छन् ।

**२०.** **<u>मूल ऐनको दफा २९ मा संशोधन</u>** : मूल ऐनको दफा २९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यस ऐन अन्तर्गतको कसूर गरेको सूचना दिने सुराकीलाई सो कसूर सम्बन्धी मुद्दाको अन्तिम किनारा लागेपछि असुल भएको बिगो रकमको सुन, हिरा, जवाहरातको हकमा दश प्रतिशत र अन्य मालबस्तुको हकमा बीस प्रतिशतले हुन आउने रकम बराबरको रकम पुरस्कार स्वरुप दिइनेछ ।"

(२) उपदफा (३) मा रहेका "पाँच लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दश लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

**२१.** **<u>मूल ऐनको दफा ३१ मा संशोधन</u>** : मूल ऐनको दफा ३१ को ठाउँ ठाउँमा रहेका "प्रधानमन्त्री कार्यालय" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

**२२.** **<u>मूल ऐनको दफा ३२ मा संशोधन</u>** : मूल ऐनको दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छ :-

"**३२.** **<u>मालबस्तु लिलाम गर्न सकिने</u>** : (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा कब्जा गरिएको कुनै मालबस्तु लामो समयसम्म कब्जामा राख्दा खिया लागी वा अरू कुनै कारणबाट टुटफुट वा नोक्सान हुन सक्ने देखिएमा वा सडी गली जाने भएमा वा पूरानो भइ मूल्य घट्न जाने भएमा, बेवारिसे भएमा वा स्थान अभावको कारणबाट राख्न नसकिने भएमा वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाको भएमा वा त्यसरी कुनै चौपाया कब्जा गरिएको भएमा अनुसन्धान अधिकृतले महानिर्देशकको स्वीकृति लिई तोकिए बमोजिमको मूल्याङ्कन समितिबाट कायम भएको मूल्यलाई सो वस्तुको मोल कायम गरी मालधनीले नै सकार गर्न मञ्जुर गरेमा निजको कागज गराई निजलाई सो मालबस्तु जिम्मा लगाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मालबस्तु मालधनीले सकार नगरेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी  अनुसन्धान अधिकृतले महानिर्देशकको स्वीकृति लिई त्यस्तो मालबस्तु लिलाम बिक्री गर्न वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थालाई त्यस्तो मालबस्तु उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिबाट मूल्याङ्कित रकममा लिलाम बिक्री गर्न सक्नेछ । त्यसरी लिलाम बिक्रीबाट आएको रकम सम्बन्धित धरौटी वा राजस्व खातामा आम्दानी बाँधिनेछ ।

(३) यस दफा बमोजिम लिलाम बिक्री भएको मालबस्तु पछि मालधनीलाई फिर्ता दिने ठहरेमा सो मालधनीले सो मालबस्तुको लिलाम बिक्रीबाट आएको रकम मात्र फिर्ता पाउनेछ र त्यस्तो मालबस्तु पाउँ भन्ने निजको कुनै हक दाबी लाग्ने छैन ।"

२३. **मूल ऐनको दफा ३२क. मा संशोधन** : मूल ऐनको दफा ३२क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यस ऐन बमोजिम राजस्व चुहावटको कसूरमा अनुसन्धान तथा तहकिकात भई कसूरदार ठहरिएको व्यक्ति वा निकायलाई विभागले सार्वजनिक खरिद र बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम कालोसूचीमा राख्नको लागी सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।"

२४. **मूल ऐनको दफा ३३ मा संशोधन** : मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छ :-

**"३३. बरामद भएको मालबस्तु जफत हुने** : (१) यो ऐन बमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा कब्जा भएको सबै मालबस्तु, सवारी साधन, चौपाया र अन्य मालबस्तु समेत जफत हुनेछ ।

(२) उपदफा (१) बमोजिम जफत भएका सवारी साधन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय अनुसार नेपाल सरकारले प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरमा बरामद भएको भाडाको ढुवानीका साधन कसूर गर्ने व्यक्तिले ढुवानीका साधनधनीको अनुमति बिना त्यस्तो कार्यमा प्रयोग गरेको ठहरेमा सो ढुवानीका साधन जफत गरिने छैन । यसरी ढुवानीका साधन प्रयोग गर्ने सवारी चालकलाई कसूरको प्रकृती हेरी पचास हजार रुपैयाँसम्म जरिबाना वा तीन महिना सम्म कैद वा दुबै सजाय हुनेछ।"

२५. **मूल ऐनको दफा ३४ मा संशोधन** : मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छ :-

"३४. **विभागीय कारबाही हुने** : (१) यस ऐन बमोजिम अनुसन्धान अधिकृत वा अनुसन्धान तथा तहकिकातमा संलग्न अन्य कर्मचारीले जानी जानी कुनै व्यक्तिलाई दुःख दिने नियतले कुनै कार्य गरेको वा बदनियत साथ राजस्व चुहावटमा मद्दत गरेको प्रमाणित भएमा त्यस्तो कर्मचारीलाई विभागीय कारबाही गरिनेछ र त्यसरी मर्का पर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिइनेछ ।

(२) यस ऐन बमोजिम राजस्व चुहावटको कसूरको अनुसन्धान तथा तहकिकात गर्दा कुनै राष्ट्रसेवक कर्मचारीले प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको, पदीय आचरण सम्बन्धी कुरा उल्लङ्घन गरेको वा लापरवाहीपूर्वक कार्य गरी राजस्व चुहावट हुन गएको देखिएमा त्यस्ता राष्ट्रसेवक कर्मचारीलाई आधार र कारण सहित विभागीय कारबाहीको लागी विभागले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अधिकारप्राप्त अधिकारी समक्ष लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो राष्ट्र सेवक कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम कुनै राष्ट्रसेवक कर्मचारीलाई विभागीय सजाय भएको कारणले राजश्व चुहावटको कसुरमा मुद्दा चलाउन र सजाय गर्न वाधा पर्ने छैन ।"

२६. **मूल ऐनको दफा ४०क. मा संशोधन** : मूल ऐनको दफा ४०क. को सट्टा देहायको दफा ४०क. राखिएको छ :-

"४०क. **निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाउन सक्ने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही राजस्व चुहावट कसूरको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम वा विभागको काम कारबाही व्यवस्थित गर्नको लागी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ ।"